


CWIN

# सिविन-नेपाल

बालबालिकाका लागि बालबालिकाका साथमा

# सिविन–नेपाल

*बालबालिकाका लागि बालबालिकाका साथमा*

बालबालिकाका सन्दर्भमा नवीन सोच र चिन्तनकासाथ लोकतान्त्रिक आन्दोलनमा क्रियाशील पाँचजना विद्यार्थीहरूद्वारा २६ वर्ष अगाडि स्थापित नेपालको बालअधिकार आन्दोलनको नाम हो सिविन-नेपाल । सिविनले नेपालको बालअधिकार आन्दोलनमा एउटा सच्चा पहरेदारका रूपमा आरम्भदेखि नै नेतृत्वदायी भूमिका निर्वाह गरिरहेको छ । तत्कालिन अवस्थामा कुनै चर्चा नपाउने बालअधिकारको विषय आज राष्ट्रियस्तरको महत्वपूर्ण सामाजिक तथा राजनीतिक विषयको रूपमा स्थापित हुनु बालअधिकार आन्दोलनको ठूलो उपलब्धी हो ।

## सिविनको परिकल्पना

हामी न्यायपूर्ण, समृद्ध, समावेशी, लोकतान्त्रिक र शान्तिपूर्ण नेपालको परिकल्पना गर्दछौं, जहाँ सबै बालबालिका अधिकार सम्पन्न एवम् सशक्त हुनेछन् र राज्यले बालबालिकाका अधिकारहरूलाई सुनिश्चित गर्ने पूर्ण जिम्मेवारी लिएको हुनेछ ।



## सिविनको ध्येय

बालबालिका स्वयम् तथा नागरिक समाजसँगको साझेदारीमा बालबालिकाको सशक्तिकरण गर्न सहजीकरण गर्दै बालअधिकारका निम्ति राष्ट्रिय स्रोत संस्था तथा पैरवीकर्ता संस्थाका रूपमा क्रियाशील रहनु नै सिविनको मुख्य ध्येय हो ।

## सिविनको निर्देशक सिद्धान्त

बालअधिकार प्रबर्द्धनको विषयलाई प्राथमिकतामा राख्दै बालबालिकालाई प्रमुख साझेदारका रूपमा सम्मान गर्नु हाम्रा लागि मार्ग निर्देशक सिद्धान्त हो । बालअधिकारका क्षेत्रमा क्रियाशील सबै पक्षसँगको साझेदारी र सञ्जालका माध्यमबाट नै बालअधिकार आन्दोलनलाई सशक्त बनाउन सकिन्छ भन्ने कुरामा हामी विश्वास गर्दछौं ।

## सिविनको मुख्य उद्देश्य

उपयुक्त नीति, कानुन, कार्यक्रम तथा तिनको प्रभावकारी कार्यान्वयनका लागि सचेतना तथा पैरवीका माध्यमबाट बालबालिकाको अधिकार संरक्षण तथा उनीहरूका अधिकारलाई आत्मसात् गरिएको कुराको सुनिश्चितता प्रदान गर्नु नै सिविनको मुख्य उद्देश्य हो ।

# सिविनका प्रमुख गतिविधिहरू

सिविन-नेपालले बालअधिकारको पूर्ण प्रत्याभूतिका लागि अधिकारमुखी अवधारणामा आधारित रही बालअधिकारको वकालत गर्दै आएको छ । सार्थक बालसहभागिता, सामाजिक तथा लैङ्गिक समावेशीकरण सिविनका हरेक गतिविधिका अभिन्न अंगका रूपमा रहेका छन् । यसैगरी बालबालिकाको बाँच्न पाउने अधिकार, संरक्षण, विकास, सहभागिता लगायत समसामयिक सवाललाई सिविनका गतिविधिहरूले सम्बोधन गरिरहेका छन् ।

## १. क्रियाशीलतामा आधारित संचेतना

सिविन-नेपाल बालअधिकारको संचेतना तथा वकालतको माध्यमबाट बालअधिकारको प्रबर्द्धन र संवर्द्धन गर्ने कुरामा विश्वास गर्दछ । यसले बालबालिकासँग सरोकार राख्ने विभिन्न विषयहरूमा स्थानीय देखि राष्ट्रियस्तरका सरोकारवाला निकायहरू संघसंस्थाहरू, नारिक समाजसँगको साझेदारीमा विभिन्न तालिम तथा संचेतना अभियानहरू सञ्चालन गर्ने गर्दछ ।



बालबालिकाको जीवनमा प्रभाव पार्ने राष्ट्रिय नीतिहरू तथा कानुनहरूको परिमार्जन तथा विकासका लागि सिविनले नीति निर्माताहरूसँग सहकार्य गर्दै आइरहेको छ । राज्यले तर्जुमा गरेका बालबालिकासम्बन्धी नीति, राष्ट्रिय योजना तथा कार्यक्रमको कार्यान्वयन तथा अनुगमनका लागि समेत बालबालिका र नागरिक समाजसँगको साझेदारीमा काम गर्ने गर्दछ ।

बालअधिकार संचेतनाका लागि सिविनले निम्न विषयहरूमा कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ :

- बाल संरणक्षणका सवालहरू: बाल दुर्व्यवहार, बालश्रम शोषण, बाल यौनशोषण, यौन दुर्व्यवहार र बालबालिका बेचबिखन, अपहरण तथा ओसारपसार, एचआईभि तथा एड्स
- बालमैत्री गाउँ र नगर
- बालसहभागिता प्रबर्द्धन
- इन्टरनेट अनलाइनमा बालबालिकाको संरक्षण
- नयाँ संविधानमा बालअधिकारको सुनिश्चितता
- वातावरणीय परिवर्तन र बालअधिकार
- सूर्तीजन्य पदार्थ, लागूऔषध र मदिराको बालबालिका तथा समाजमा पर्ने असर

- मानवअधिकार, महिला अधिकार लगायत सामाजिक मुद्दाहरू र राष्ट्रिय विकासका मुद्दाहरूमा बालबालिकाको सवाल
- बालबालिका शान्ति क्षेत्र हुन् अभियान ।

## २. जनचेतना अभिबृद्धि/सञ्चार

सिविन-नेपालले बालअधिकारमा जनचेतना अभिबृद्धिका निम्ति सञ्चार माध्यमको परिचालनलाई महत्व दिइरहेको छ । यसका लागि काठमाडौं लगायत देशका विभिन्न क्षेत्रका विभिन्न एफ एम रेडियोबाट बालचौतारी कार्यक्रमहरू सञ्चालन गर्नुका साथै नेपाल टेलिभिजन प्लसबाट साप्ताहिक बालसरोकार कार्यक्रम मार्फत लाखौं जनसमुदायमा बालअधिकारका बिषयलाई स्थापित गरिरहेको छ ।

साथै सिविनले बालबालिका तथा केन्द्रित गरी विभिन्न प्रकाशनहरू, सूचना सामग्रीहरू प्रकाशान, प्रसारण र वितरण गर्दै आइरहेको छ भने इन्टरनेट अनलाइन मार्फत समेत व्यापक रूपमा बालअधिकारका सवाललाई सार्वजनिक गर्दै आइरहेको छ ।

## ३. अध्ययन अनुसन्धान तथा सूचना प्रबर्द्धन

सिविन-नेपालले बालअधिकारका कार्यक्रमहरूलाई मार्गनिर्देश गर्न र चेतना अभिबृद्धिका लागि सहभागितामूलक क्रियाशील अनुसन्धानहरूलाई निरन्तर अगाडि

बिषयहरूसंग सम्बन्धित विविध बिषयमा सूचना संकलन तथा सूचना प्रवाहका लागि सिविनले राष्ट्रिय स्रोत तथा सूचना केन्द्र एवं पांचै विकास क्षेत्रमा क्षेत्रीय सूचना केन्द्रहरू सञ्चालनमा ल्याइरहेको छ ।

## ४. बाल संरक्षणसम्बन्धी सेवाहरू

सिविन-नेपालले जोखिम परिस्थितिमा रहेका बालबालिकाको संरक्षण तथा सामाजिक पुनर्स्थापना एवम् सशक्तीकरणका निम्ति निम्न गतिविधिहरू सञ्चालन गर्दै आइरहेको छ:

- बाल हेल्पलाइन नेपाल १०९८: महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय तथा नेपाल दूरसंचार प्राधिकरणसँगको साझेदारीमा बालहेल्पलाइन नेपाल १०९८ कार्यक्रम सिविन नेपालले काठमाडौं, हेटौडा, नेपालगञ्ज, पोखरा, विराटनगर र धनगढीमा सञ्चालन गरिरहेको छ । यस कार्यक्रमबाट हरेक बर्ष हजारौं जोखिममा परेका बालबालिकालाई



आपत्कालिन उद्धार, संरक्षण, राहत, मनोसामाजिक विमर्श तथा सामाजिक पुनर्स्थापना, स्वास्थ्य सेवा, कानुनी सहयोग लगायतका सेवा पुर्‍याउने कार्य गरिरहेको छ ।

- बालिकाको सृजनात्मक विकास, संरक्षण तथा सशक्तीकरणको लागि बालिका शान्ति गृह
- आपत्कालिन संरक्षण र उद्धारका लागि बस पार्कमा सिविन बाल सम्पर्क केन्द्र
- सडक बालबालिकाको संरक्षण, सृजनात्मक विकास तथा सशक्तिकरण
- बालश्रमको न्यूनीकरण एवं सामाजिक पुनएकीकरण

## ५. शैक्षिक कार्यक्रम

सिविन-नेपालले सबैका लागि शिक्षा, बालबालिकाका लागि गुणस्तरीय शिक्षा, बालमैत्री विद्यालयको निम्ति संचेतना र पैरवी गर्दै आइरहेको छ ।

- शैक्षिक सहयोग ७५ जिल्लाका बालबालिकालाई विस्तार गरिएको छ । हरेक बर्ष ५००० बालबालिका सहयोग प्रदान गर्दै आइरहेको छ ।
- ट्यूशन कार्यक्रम मार्फत् हरेक बर्ष ५० जना नवयुवालाई उच्च माध्यमिक शिक्षामा सहयोग प्रदान गर्नुका साथै ती नवयुवाद्वारा ७५० बालबालिकाका लागि ट्यूशन काक्षाहरू संचालन भैरहेका छन् ।

- समुदायमा आधारित विद्यालयहरूमा बालसुलभ शैक्षिक वातावरण निर्माणका लागि आवश्यक भौतिक संरचना निर्माण, शैक्षिक जनशक्ति विकासका साथै विद्यालय बालसंरक्षण नीति निर्माण तथा कार्यन्वयनका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ ।

## ६. सिर्जनात्मक द्वन्द्व रुपान्तरण र शान्ति निर्माण

सिविन-नेपालले नेपालमा शान्ति प्रक्रियाको थालनी र संक्रमणकालिन अवस्थामा द्वन्द्व प्रभावित बालबालिका र युवाहरूलाई ध्यानमा राखी उनीहरूसंगको साझेदारीमा सिर्जनात्मक द्वन्द्व रूपान्तरणका गतिविधिहरू सञ्चालन गरिरहेको छ । यसले सयौं नवयुवाको निम्ति शैक्षिक तथा प्राविधिक तालिम लगायत सशक्तीकरणका कार्यक्रमहरू पनि सञ्चालनमा ल्याइरहेको छ । साथै विभिन्न जिल्लाहरूमा नवयुवाहरूसँगको साझेदारीमा शान्ति निर्माण कार्य पनि सञ्चालन गर्दै आइरहेको छ ।

## ७. बालसहभागिता तथा युवा सशक्तिकरण

सिविन-नेपालले "बालबालिकाका लागि बालबालिकाका साथमा" भन्ने नारालाई मूलमन्त्रका रूपमा आत्मसात् गरेको छ । यसका लागि बालअधिकार मञ्च, किशोरकिशोरी समूह, युवा समूहहरूको विस्तार र साझेदारी मार्फत

बालसहभागितालाई प्रोत्साहन गरिरहेको छ ।

यसैगरी १४ वर्ष भन्दा माथिका नवयुवाहरूमा सीप विकासका निम्ति सिविन आत्मनिर्भर केन्द्र मार्फत हरेका बर्ष सयौं किशोरकिशोरीलाई सामाजिक तथा आर्थिक रूपमा आत्मनिर्भर बनाउन तालिम तथा लधुवित्त कार्यक्रम सञ्चालन गरिएको छ ।

## ८. समुदायमा आधारित कार्यक्रम

सिविन-नेपालले समुदायहरूमा सामुदायिक सचेतना तथा विकासका लागि विभिन्न कार्यक्रमहरू सञ्चाल गर्दै अएको छ । यस क्रममा दोलखा जिल्लाका उत्तरी भेगका ८ वटा गाविसहरूमा ग्रामीण विकास टुकी संघ दोलखाको साझेदारीमा बालअधिकार तथा महिलाअधिकार प्रबर्द्धन तथा जीवनस्तर उत्थानका गतिविधिहरू सञ्चालित छन् ।

## ९. सञ्जाल निर्माण तथा विस्तार

सिविन-नेपालले स्थानीय, क्षेत्रीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका सञ्जालहरूको निर्माण तथा विस्तारमा योगदान दिई बालअधिकार अभियानलाई थप उर्जा प्रदान गरिरहेको छ ।

### १०. सिविनका शुभचिन्तक साथीहरू

सिविन-नेपालले नेपालमा बालअधिकार अभियानमा ऐक्यवद्धतालाई सहयोग पुऱ्याउनका लागि देश भित्र तथा विदेशमा रहेका सिविनका शुभचिन्तक व्यक्ति, समूह तथा संस्थाहरूका लागि "सार्वजनिक सहभागिता कार्यक्रम" सञ्चालन गरिरहेको छ । यस कार्यक्रम अन्तरगत उल्लेख्य मात्रामा देश तथा विदेशमा सिविन-नेपालका सहयोगी शुभचिन्तकहरू छरिएर रहेका छन् ।

## भविष्यको बाटो

सिविन-नेपालद्वारा सञ्चालित विभिन्न कार्यक्रम तथा अभियानहरूबाट बालबालिका, समुदाय लगायत सबै सरोकारवालाहरूको सिविन-नेपाल प्रति व्यापक विश्वास र अपेक्षा बृद्धि भएको छ । यस पृष्ठभूमिमा बालअधिकारका क्षेत्रमा कतिपय चुनौती र अवसरहरू समेत देखापरेका छन् । सँगसँगै सिविन-नेपालका जिम्मेवारीहरू पनि थप हुँदै गएका छन् । यसैले हालसम्म सिविन-नेपालले सञ्चालन गरेका प्रभावकारी कार्यक्रम तथा गतिविधिहरूलाई भावि दिनहरूमा पनि निरन्तरता दिनु पर्दछ र थप नवीन तथा सिर्जनशील सोचका साथ बालअधिकार प्रवर्द्धनका नमूना कार्यक्रमहरू अगाडि सार्नु पर्दछ । यस्ता कार्यक्रमहरूबाट सीमान्तकृत ग्रामीण समुदायका अवसरबाट वञ्चित बालबालिकाको पहुँचमा अभिवृद्धिभएको हुनुपर्दछ ।

## सिविनका प्रमुख साझेदारहरु संस्थाहरु

सेभ द चिल्ड्रेन Save the Children, प्लान नेपाल Plan Nepal, किनवा बेल्जियम Quinoa-Belgium (1993), फोरूट नर्वे FORUT-Norway, जिआरटी–इटालीटGRT Italy (1998), सलाई–वेजियम Salaai-Belgium, यूनिसेफ नेपाल Unicef-Nepal, युरोपियन कमिसन European Commission, रेस्पोण्डिङ्ग टु कन्फिक्लिट युके Responding to Conflict- UK, चाइल्ड हेल्पलाईन इन्टरनेशनल Child Helpline International (2009), रकउल फाण्डेसन डेनमार्क Rockwool Foundation -Denmark, चान्स फर चिल्ड्रेन युके Chance for Children-UK , सेल्योर्ड SeljordFolkehaagskule, साप्लानिर जापान Shaplaneer-Japan, इक्पाट लक्जम्बर्ग, इन्टरभिटा इटाली, सेफर वर्ल्ड, केन्द्रिय बालकल्याण समिति, काठमाडौं महानगरपालिका, ललितपुर तथा कीर्तिपुर नगरपालिका, कमिक रिलिफ आदि ।

---

*थप जानकारीका लागि*

**सिविन–नेपाल**, पो.ब.नं ४३७४, रविभवन, काठमाडौं, नेपाल

इमेल: cwin@mos.com.np वेब: www.cwin.org.no



# बाल हेल्पलाइन नेपाल

सिविन-नेपालद्वारा सञ्चालित

विभिन्न शहरहरुमा सिविन–नेपालद्वारा सञ्चालित बाल हेल्पलाइनहरू:

| काठमाडौं | विराटनगर | पोखरा | हेटौंडा | नेपालगञ्ज | धनगढी |
|---|---|---|---|---|---|

**१०९८** (दश-नौं-आठ)